# तेस्रो गाउँ सभाद्वारा स्वीकृत

आ.व. २०७५/०७६ को

# विनियोजन ऐन,२०७५

१५ असार २०७५

अध्यक्ष महोदय,

एवं, सभाका सदस्य ज्यूहरू,

नेपालको संविधान अनुसार गठित स्थानीय सरकारको रूपमा रहेको यस गाउँपालिकाको गरिमामय तेस्रो गाउँसभामा आर्थिक बर्ष २०७५/०७६ को लागि संचितकोषबाट खर्च गर्ने अख्तीयारीका लागि आवश्यक गढवागाउँपालिकाको विनियोजन विधेयक, २०७५ प्रस्तुत गर्न पाउँदा गौरव लागेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन आहुति गर्नुहुने ज्ञात अज्ञात शहिदहरूप्रति भावपुर्ण श्रद्धाञ्जली एंव घाईतेहरू प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

# गढवा गाउँपालिकाको विनियोजन ऐन, २०७५

गढवा गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

प्रस्तावना :–गढवा गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गढवा गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्तनाम र प्रारम्भ :–(१) यस ऐनको नाम “गढवा गाउँपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५/२०७६ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः–

(१) आर्थिक वर्ष २०७५/२०७६ को निमित्त गाउँकार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू ४७ करोड ५३ लाख मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः–(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/२०७६ को निमित्त गढवा गाउँकार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) कुनै कारणले कुनै काम हुन नसक्ने पर्याप्त कारण र आधार भएमा स्वीकृत बजेटको सीमा भित्र रही बजेट तथा कार्यक्रम प्रचलित कानुनमा अन्यथा लेखिएको बाहेक अवस्थामा कार्यपालिकाले संशोधन र स्वीकृत गर्न अधिकार प्रत्यायोजन गरिएको छ ।

# अनुसूची-१
## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चितकोषबाट विनियोजन हुने रकम

रू. हजारमा

| क.सं. | अनुदानसंख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | गाउँकार्यपालिका | | २२७७०० | २४७६०० | ० | ४७५३०० |
| २ | बिषयगतशाखा | | ० | ० | ० | ० |
| ३ | ऋणको सावाँव्याजभुक्तानी | | ० | ० | ० | ० |
| ४ | लगानी (शेयर/ऋण) | | ० | ० | ० | ० |

अध्यक्ष महोदय,

“शिक्षा, कृषि र पूर्वाधार : समृद्धिको आधार” भन्ने सपनालाई साकार पार्नका लागि उल्लेखित विनियोजन विधेयक,२०७५ छलफल गरियोस् भनी सभा समक्ष पेश गर्दछु । विनियोजन विधेयकको सफल कार्यान्वयनका लागि सभासदस्य, कर्मचारी, आमगाउँपालिकाबासीहरूबाट रचनात्मक सवं सक्रीय सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद नमस्कार !!**

प्रस्तुतकर्ता
भक्तु चौधरी
सदस्य
गाउँ सभा
गढवागाउँपालिका
गढवादाङ्ग,
१५ असार २०७५

**प्रमाणिकरण गर्ने पदाधिकारी**

**दस्तखत :-**

**अध्यक्ष श्री सहजराम अहिर**

**मिति :- २०७५।०३।२५**